जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाह्नु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४५ पृष्ठः ४ | २०८३ जेठ २२ शुक्रबार (Friday 05 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

सिरहाका भूमिहीन र सुकुमवासी भन्छन्

## हामीलाई लालपुर्जा चाहिन्छ, उठीबास होइन

सिरहा, २१ जेठ। भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरूको आवास र भूमि अधिकार सुनिश्चित गर्न सरोकारवाला संस्थाहरूले सरकारसमक्ष संयुक्त रूपमा ध्यानाकर्षण गराएका छन्। नेपाल महिला एकता समाज, सामुदायिक आत्मनिर्भर केन्द्र (सीएसआरसी) तथा जिल्ला भूमि अधिकार मञ्च सिरहाले बुधबार जिरोमाइलमा पत्रकार सम्मेलन गरी संविधान प्रदत्त आवास तथा भूमि अधिकारको सम्मान गर्दै प्रभावित समुदायको सम्मानजनक व्यवस्थापन गर्न सरकारसँग आग्रह गरेका हुन्।



पत्रकार सम्मेलनमा सहभागी भूमिहीन तथा सुकुमवासीहरूले आफूहरूलाई विस्थापित गर्ने होइन, बसोबास गर्दै आएको स्थानको लालपुर्जा उपलब्ध गराएर व्यवस्थापन गर्नुपर्ने माग गरेका छन्। उनीहरूले वर्षौंदेखि बसोबास गर्दै आएका बस्तीमा राज्यले सडक, विद्युत्, खानेपानीलगायतका पूर्वाधार विकास गरिसकेको अवस्थामा उठीबास गराउने निर्णय अन्यायपूर्ण हुने बताएका छन्। संस्थाहरूले संविधानको धारा ३७ र ४० तथा भूमिसम्बन्धी ऐन, २०२१ (आठौं संशोधन) अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन राज्यको दायित्व भएको स्मरण गराएका छन्।

पछिल्लो समय देशका विभिन्न स्थानमा भइरहेका जबरजस्ती निष्कासनका घटनाले आवास, शिक्षा, स्वास्थ्य र जीविकोपार्जनजस्ता आधारभूत अधिकारमा गम्भीर असर पारेको उनीहरूको भनाइ छ। पत्रकार सम्मेलनमार्फत वैकल्पिक व्यवस्था नगरी कुनै पनि प्रकारको जबर्जस्ती निष्कासन तत्काल रोक्न, वास्तविक भूमिहीन तथा सुकुम्बासीहरूको लगत संकलन गरी कानुनी प्रक्रिया अनुसार लालपुर्जा वितरण गर्न, जोखिमयुक्त क्षेत्रका परिवारलाई सुरक्षित आवासमा पुनःस्थापना गर्न तथा प्रभावित परिवारलाई राहत र क्षतिपूर्तिको व्यवस्था गर्न माग गरिएको छ।

लहान-१५ की अमृता विश्वकर्माले 'हामीलाई उठीबास होइन, सोही स्थानको लालपुर्जा चाहिएको हो' भन्दै राज्यले विकास गरेको बस्तीबाट नागरिकलाई हटाउन खोज्नु अन्याय भएको बताइन्। धनगढीमाई-९ मुसहरनियाकी सीता देवी सदायले वास्तविक सुकुमवासी र हुकुमवासीको पहिचान गरी वास्तविक सुकुमवासीलाई लालपुर्जा उपलब्ध गराउनुपर्ने धारणा राखिन्। त्यस्तै लक्ष्मीपुर पतारी-१ की राजबती मण्डलले नापजाँच सम्पन्न भइसकेको जग्गामा बसोबास

-बाँकी अन्तिम पेजमा

## जातीय विभेद र छुवाछूतप्रति जनप्रतिनिधि र राज्यसंयन्त्रकै बेवास्ता भएको सरोकारवालाको गुनासो




**विनय आजाद**

सिरहा, २१ जेठ। जनप्रतिनिधि र राज्य संयन्त्रकै बेवास्ताका कारण समाजमा व्याप्त जातीय विभेद र छुवाछूत अन्त्य हुन नसकेको सरोकारवालाले बताएका छन्। बिहीबार गोलबजारमा आयोजित मधेशी दलित समुदायले भोग्नुपरेका समस्या र त्यसको समाधानका लागि सरोकारवालाको भूमिकासम्बन्धी कार्यक्रमका अधिकांश वक्ताले यस्तो बताएका हुन्।

दलित समुदायका मुद्दा लिएर चुनावका बेला मत माग्ने नेताहरू सत्तामा पुगेपछि दलितका मुद्दा बिर्सिने गरेको र राज्य संयन्त्र पनि यसप्रति गम्भीर नबन्दा जातीय विभेद र छुवाछूत कायमै रहेको वक्ताहरूको भनाइ थियो। 'दलितमाथि विभेद हुँदा न प्रहरी प्रशासनले गम्भीरतापूर्वक लिन्छ, न त

-बाँकी अन्तिम पेजमा

## कमला पुल डेढ दशकदेखि अलपत्र, बजेट नपरेको भन्दै स्थानीय आक्रोशित

सिरहा, २१ जेठ। पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत पर्ने कमला नदी माथिको बहुप्रतीक्षित पुल निर्माण वर्षौंदेखि अधुरै रहँदा सिरहा र धनुषावासीमा सरकारप्रतिको असन्तोष तीव्र बनेको छ। आगामी आर्थिक वर्ष २०८३/८४ को संघीय बजेटमा पनि स्पष्ट रूपमा रकम विनियोजन नभएपछि स्थानीय तहमा निराशा र आक्रोश बढेको हो।



स्थानीयवासीका अनुसार करिब डेढ दशकअघि सुरु गरिएको पुल निर्माण कार्य विभिन्न कारणले रोकिँदै आएको छ। पछिल्ला वर्षमा बाढीले संरचनामा क्षति पुऱ्याएपछि पुनर्निर्माण झन् सुस्त छ। अहिले सीमित मर्मत र अस्थायी व्यवस्थामार्फत मात्र आवतजावत सञ्चालन भइरहेको छ।

धनुषाका स्थानीय रामबाबु साहका अनुसार पुल नबन्दा दुवै जिल्लाका नागरिकले दैनिक रूपमा सास्ती भोगिरहेका छन्। करिब १५ वर्षदेखि पुल निर्माण भइरहेको भनिए पनि प्रगति देखिएको छैन। उनका अनुसार कमला पुल सञ्चालनमा आएको भए सिरहाबाट धनुषा करिब ३० मिनेटमै पुगिन्थ्यो। तर अहिले वैकल्पिक मार्ग प्रयोग गर्दा दुईदेखि तीन घण्टासम्म समय खर्चिनुपर्छ। केही महिनाअघि पुल छेउमा बनाइएको डाइभर्सन बाढीले बगाएपछि समस्या झन् जटिल बनेको छ। 'पानी कम भएका बेला त जोखिम मोलेर आवतजावत गरिरहेका छौं, तर बाढी आएका बेला कतिबेला दुर्घटना हुन्छ भन्ने त्रास रहिरहन्छ,' साहले भने। विगतमा बाढीका बेला सवारीसाधन र मानिसहरू नदीमा फसेका तथा बग्ने घटनासमेत भएको उनले स्मरण गरे।

पटक-पटक प्रधानमन्त्रीदेखि मन्त्रीसम्मले स्थलगत निरीक्षण गरी आश्वासन दिए पनि परिणाम नदेखिएको स्थानीयको आरोप छ। सिरहा नगरपालिका-५ का जुगेश्वर

-बाँकी तीन पेजमा



**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।**

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लंघन हो-यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

**समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## संवैधानिक इजलास गठनमा विवाद

संवैधानिक परिषद्ले प्रधानन्यायाधीश सिफारिस गर्दा वरीयता मिचेपछि सर्वोच्च अदालतमा कार्यपालिकाको पक्षमा 'बेन्च सपिङ' हुने पो हो कि भन्ने आशङ्का कानुन व्यवसायीहरूबीच बढेको थियो। संवैधानिक इजलास गठन गर्दा स्थापित परम्पराविपरीत प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले वरिष्ठतम दुई न्यायाधीशलाई पन्छाएपछि यो सन्देह फेरि बलियो भएको छ।

प्रधानन्यायाधीश डा. शर्माले वरीयतामा माथि रहेका न्यायाधीशद्वय कुमार रेग्मी र हरिप्रसाद फुयाललाई समावेश नगरी संवैधानिक इजलास गठन गरेका छन्। गम्भीर संवैधानिक व्याख्या वा प्रश्न देखापरेमा संवैधानिक इजलासमा सुनवाइ हुने प्रावधान नेपालको संविधानको धारा १३७ मा छ जसको अध्यक्षता प्रधान न्यायाधीशले नै गर्ने व्यवस्था छ।

संविधानले न्यायपरिषद्ले सिफारिस गरेका न्यायाधीशहरूमध्येबाट संवैधानिक इजलास गठन गर्ने स्वविवेकीय अधिकार प्रधानन्यायाधीशलाई दिएको छ। अर्थात्, वरिष्ठतम न्यायाधीशलाई इजलासमा अनिवार्य सामेल गर्नैपर्ने कानुनी बाध्यता छैन। यही संवैधानिक अधिकारको प्रयोग गर्दै प्रधानन्यायाधीश डा. शर्माले न्यायाधीश रेग्मी र फुयाललाई समावेश नगरेका हुन सक्छन्। नेपाल बार एसोसिएसनका अध्यक्षले भने संवैधानिक इजलास गठनमा वरीयता मिचिएकोमा गम्भीर आपत्ति जनाएका छन्। राजधानीमा आयोजित प्रधान न्यायाधीशको स्वागत कार्यक्रममा बार अध्यक्षले स्थापित न्यायिक सिद्धान्त र परम्परा छाड्ने हो भने न्यायाधीश पद 'जागिर'मा परिणत हुने चेतावनी समेत दिए।

संयोगले, त्यस दिन संवैधानिक इजलासमा कर्मचारी सङ्गठन र ट्रेड युनियन खारेजी सम्बन्धी विवादको मुद्दामा सुनुवाइ हुँदै थियो। ट्रेड युनियन अधिकार नागरिकको संवैधानिक हक भए पनि राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारले यसलाई आफ्नो प्रतिष्ठाको विषय बनाएको छ। यही राजनीतिक संवेदनशीलताका कारण संवैधानिक इजलासमा वरिष्ठतम न्यायाधीशहरूलाई बाहिर राखिएको आशङ्कालाई बल पुगेको छ।

यसरी परम्पराविपरीत इजलास गठन गर्नुलाई 'बेन्च सपिङ' भन्न मिल्छ कि मिल्दैन भन्ने प्रश्न यतिबेला पेचिलो बनेको छ। न्यायालयको सन्दर्भमा 'बेन्च सपिङ' भन्नाले कुनै विशेष मुद्दाको फैसला आफ्नो अनुकूल पार्न निश्चित इजलास वा न्यायाधीशको संयोजन रोज्ने वा प्रभाव पार्ने प्रयासलाई बुझिन्छ।

निश्चय नै, प्रधानन्यायाधीश मुद्दाका कुनै पक्ष होइनन् र उनलाई स्वविवेकमा इजलास गठन गर्ने अधिकार संविधानले नै दिएको छ। तैपनि प्रश्न उठ्छ— वरिष्ठतम न्यायाधीशहरूलाई बाहिर राख्ने निर्णयमा प्रयोग भएको स्वविवेकीय अधिकार कत्तिको विवेकसम्मत छ ? स्थापित न्यायिक परम्परा मिच्नुको वस्तुनिष्ठ कारण के हो ? यही निर्णयका आधारमा प्रधानन्यायाधीश डा. शर्माले सरकारकै पक्षमा फैसला आउने गरी इजलास गठन गरे भन्नु न्यायोचित हुँदैन। उनको नियुक्तिमा प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा बसेको संवैधानिक परिषद्को बैठकले परम्परा मिचेकै आधारमा प्रधान न्यायाधीशले गुन तिर्न आफ्नो 'न्यायिक धर्म' नै त्याग्छन् भन्नु भन् गलत हुनेछ।

प्रधान न्यायाधीशको अधिकारभित्रको निर्णय भए पनि यसले न्यायालयको निष्पक्षतामा प्रश्न उब्जाएको देखिन्छ। त्यसैले, यस निर्णयको औचित्य र पारदर्शिता सिद्ध गर्ने दायित्व स्वयम् प्रधान न्यायाधीशकै हो। यस्तै प्रश्न उठ्न थालेपछि न्यायालयप्रति जनआस्था र साख गिर्ने गर्छ। न्यायालयको गरिमा जोगाउने प्रधानन्यायाधीश डा. शर्माको प्रतिबद्धता यसै प्रकरणबाट पनि व्यवहारमा पुष्टि हुनु आवश्यक छ।

## बरफ फ्याक्ट्रीमा करेन्ट लागेर एक जनाको मृत्यु

रौतहट, २१ जेठ। रौतहटको बौधिमाई नगरपालिका-५ कोपवाको बरफ फ्याक्ट्रीमा तार जोड्नेक्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। बौधिमाई नगरपालिका-५, कोपवाका धर्मलाल जयसवालका ३५ वर्षीय छोरा मनोहरलाल जयसवालको आज दिउँसो करेन्ट लागेर मृत्यु भएको हो। जयसवालको आफ्नै बरफ फ्याक्ट्रीमा तार जोड्ने क्रममा करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक वसन्त गौतमले जानकारी दिए।

करेन्ट लागेर गम्भीर घाइते भएका जयसवाललाई उपचारका लागि प्रादेशिक अस्पताल गौरमा ल्याएको भए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक गौतमले बताए। जयसवालको शव परीक्षणका लागि गौरस्थित प्रदेशिक अस्पतालमा राखिएको समेत उनले जानकारी दिए।

# शिक्षाको बाटो बन्द नगर !

## दोस्रो विश्वयुद्धताका पनि यस्तै परिस्थिति थियो, रुसमा मात्रै २० हजार विद्यालय र कलेजहरू बमबारीमा परे, तर शिक्षकले पढाउने र विद्यार्थीले पढ्ने क्रम रोकिएन



प्रा. दिनेशराज भुजु

यसै महिनाको पहिलो साता सडक डिभिजन काठमाडौंबाट एउटा पत्र पठाइयो। सार्वजनिक महत्त्व र चासोको विषयको पत्र भएकाले यसको उल्लेख गर्नु कानुनविपरीत नहोला। पत्र चन्द्रागिरि नगरपालिका र थाहा नगरपालिकालाई सम्बोधन गरिएको थियो र त्यसले सम्बन्धितहरूलाई जानकारीस्वरूप पठाइदिने धर्म निभाएको थियो। पत्रको विषय 'थानकोट–चित्लाङ सडक निर्माण सुधार कार्य सञ्चालन भइरहेकोमा १४ दिनका लागि पानीघट्टदेखि चित्लाङ बजारसम्मको सडक खण्ड पूर्णरूपले बन्द हुने' भन्ने थियो। यो सडक भनेको काठमाडौं उपत्यकादेखि चन्द्रागिरि पर्वत ( उचाइ २,५५० मिटर) भएर कुलेखानी हुँदै मधेस झर्ने ऐतिहासिक बाटो हो।

थानकोट, राजधानी भित्रिँदा जाँच गर्ने प्रहरी चौकी हो। अहिले पनि अधिकांश सवारीसाधनहरू यसै चौकी भएर भित्रिन्छन् तर जाँच भने माथि नागढुङ्गातिर सरेको छ। राजधानीपारिको चित्लाङ परापूर्वकालदेखि बसेको बजार हो। अंशुवर्मा (शासनकाल ई.सं. ६०५–६२१) द्वारा ठड्याइएको शिलालेख अहिले पनि त्यहाँ छ। बजार र बस्तीमा उही बेलातिर निर्माण भएका बुद्धकालीन चैत्यहरू पनि देख्न सकिन्छ। स्थानीय बासिन्दाका अनुसार तिनै चैत्य 'चनेगु लाँ' (नेपाल भाषामा चैत्य जाने बाटो) अपभ्रंश भएर 'चित्लाङ' भनिएको हो।

पानीघट्ट काठमाडौं थानकोटतिरको स्थान हो। चित्लाङ चन्द्रागिरिपारिको बजार भइहाल्यो। त्यो बाटो हिँड्ने सबैलाई थाहा छ यो दूरी करिब १२ किलोमिटरमात्र हो। अहिले सुधार हुँदैगरेको बाटो ५–६ किलोमिटरभित्र हो। कतिपयले यसलाई 'असारे विकास' भनेर व्यङ्ग्य गरे, कतिपयलाई लागेको पनि होला बाटो थुन्नु सुरक्षाका लागि ठीकै हो। तथापि, स्थानीय बासिन्दा र उक्त बाटो भएर रोजीरोटी गर्नेलाई मात्र थाहा हुन्छ – त्यो आधा महिना भनेको उनका लागि कति ठूलो आर्थिक–सामाजिक संकट हो। नेपाली हुन्। यसैले उनीहरू यसलाई प्रारब्ध मान्नेछन् र भाग्यमा लेखिएको दोष मेटाउन मन्दिर धाउनेछन्।

नेपाली भाषाका महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९०९–१९५९) कुनै बेला यही चन्द्रागिरिको उकालो उक्लेर चित्लाङ झर्दै थिए। उनले त्यहाँ मानिसलाई काँधमा बोकाएर मन्दिर जाँदै गरेका सम्भ्रान्तहरू देखे। विस्मय मान्दै उनले लेखे – "कुन मन्दिरमा जान्छौ यात्री,

*कुन मन्दिर जाने हो?*
*कुन मन्दिरमा पूजा गर्ने,*
*साथ कसरी लाने हो?*
*मानिसहरूको काँध चढी, कुन देवपुरीमा जाने हो?"*

नेपाली चलचित्र 'वासुदेव' मा जब यो गीत समावेश गरियो, धेरैले मन पराए र यसले ठूलो प्रख्याति कमायो। देवकोटाको 'यात्री' कविता जति प्रख्यात छ चित्लाङ बजार पुग्नुअघिको पाँचधारा वा गुर्जुधारा त्यति प्रख्यात नहोला। तर ती धाराहरू अझै त्यहाँ मौजुद छन्। अहिले सडक विभागले जारी गरेको बन्दको आज्ञा तिनै धारा भएर जाने बाटोलाई हो। तर यो अनर्थको युक्ति निकालेकामा नेपालमा कविता लेख्ने कोही भएनन्। सबैलाई विकास चाहिएको छ, सडक चाहिएको छ चाहे तिनले वातावरण तहसनहस पारून् वा बाढीपहिरो निम्त्याऊन्। छु मतलब ?

मार्ग, राजमार्ग, लोकमार्ग केका लागि ? बाटोका लागि तरकारी बोकेर बजार जाने होइन होला त। तरकारी बोकेर बजार जानका लागि बाटो बनाउने होला। तर यतिखेर हामी साधनलाई साध्य बनाउँदै छौं। बाटो साध्य होइन, साधन हो। किसानले फलाएको अन्नपात बाटो उपयोग गरी बजार लगेर उपभोक्तासम्म पुऱ्याउनु साध्य हो। किसान र उपभोक्तालाई जोड्ने बाटो साधन हो। साध्यले साधनको अस्तित्व जोडेको हो। साध्यबिना साधनको के अर्थ रहन्छ ? चन्द्रागिरिको हकमा साधनका लागि साध्यलाई निषेध गरिएको छ।

चन्द्रागिरिको पल्लो ढलोको पानी चित्लाङ बजार हुँदै कुलेखानी पुग्छ। कुलेखानीमा त्यसरी बगेर गएको पानीलाई ११४ मिटर अग्लो बाँधले छेकेर बिजुली निकाली राजधानीबासीको घरचोक, अ।अदालत, सडकबजार झिलिमिली पारिदिएको छ। तथापि, हाम्रा कुनै नीति र योजनाहरूमा चित्लाङ कहिल्यै प्राथमिकतामा परेन। एक प्रकारले चित्लाङ राजधानीछेउको 'कर्णाली' बन्यो अथवा सर्लाहीको कुनै 'मुसहर' बस्ती।

चित्लाङ–थानकोटको बाटो जम्माजम्मी १४ किलोमिटर हो। केही राहत पाउन वा केही ज्याला पाउने आसले किसान–मजदुरले ज्यानको बाजी लगाएर चन्द्रागिरिको सेतो पहरो फोरेको चार दशक नाघिसकेको छ। भूगर्भ विज्ञानका अनुसार त्यहाँको पहरो 'क्वार्जाइट' भन्ने चट्टानले बनेको छ। क्वार्जाइट असाध्यै पक्का, फलामजस्तै बलियो ढुङ्गा हो। यसबाट कीमती खाले निर्माण सामग्री, जस्तै सिँढी, भुइँमा बिछ्याउने स्लेट बन्छ। सम्भिराखौं, यो नेपालको मूल्यवान् प्राकृतिक स्रोत हो। यसमा धेरैको आँखा गढेको छ।

नेपालमा एउटा बाटो बनाउन कति समय लाग्दो हो ? स्थानीय बासिन्दाका अनुसार थानकोट–चित्लाङ मार्ग सुरु भएको सन् १९६८ देखि हो। अहिले स्तरोन्नति गर्ने भनिएको परियोजना पनि चार वर्ष नाघिसकेको छ। नेपाल पहाडी मुलुक हो। तैपनि यतिका वर्ष नलाग्नुपर्ने [ जस्तै– करिब ५० किलोमिटरको धरान–धनकुटा राजमार्ग सन् १९७६ तिर बन्न सुरु भएको थियो र १९८२ मा यो सम्पन्न भएको थियो। अहिले चर्चा गरिरहेको थानकोट–चित्लाङ मार्ग जम्मा १४ किलोमिटरको छ तर अझै सकिएको छैन। यसैबीच एउटा निजी कम्पनीले केबलकार जोडिसकेको छ।

एउटा बाटो बनाउन जनताले कति वर्षसम्म सास्ती खेप्नुपर्ने ? चित्लाङ सधैं अभिशप्त छ। कुनै बेला यहाँका गोले, पाखिन, बलामी, गोपालीसहित थुप्रै जनतालाई राज्यले गरुङ्गा गाडीहरू बोकायो। तपाईं कल्पना गर्नुहोस् आजभन्दा सय वर्षअघि चन्द्रागिरिको उकालो कस्तो थियो होला ? तपाईंका पुर्खाले खाली खुट्टामा ती १५ सय, २ हजार किलोका गाडीहरू बोकेर कसरी काठमाडौं पुऱ्याए होलान् ?

कुनै बेला भोकाएका पृथ्वीनारायण शाहलाई यहींका जनताले भातदाल खुवाएका थिए र तातो भात कसरी खानुपर्छ भनेर सिकाएका पनि थिए। उनले आफ्नी दुलही पनि यही बाटो भएर भित्र्याएका थिए। उनका १० पुस्ता नेपालको राजसिंहासनमा बसे तर चित्लाङबासीको सुखको दिन आएन।

भक्तपुरका अन्तिम राजा रणजित मल्लले एउटा विरहको गीत यही चन्द्रागिरिको भन्ज्याङमा बसेर रचेका थिए। भक्तपुरमा त्यो गीत "थथिन्यागु रसरङ्ग त्वलताव गथे वने, राम हा" (यस्तो रसरङ्ग छोडेर कसरी जाऊँ, हे राम) रिसाएका शिवजी ( भैरव) को रथ तान्दा भाका मिलाउँदै अहिलेका 'जेन–जी' (नयाँ पुस्ता) हरू पनि गाउँछन्। रथ भैरवको, ठूलो शक्ति लाग्ने, बल लगाएर तान्नुपर्ने तर गीत भने विरहको [ किन होला ? यसबारे हामीमध्ये कतिपय अनभिज्ञ छौं। किनभने 'च्याट जीपीटी' लाई पनि यो कुराको भेउ छैन। होस् पनि कसरी ? इतिहासको क्रूरतालाई लिपिबद्ध गरिएको त्यस गीतमाथि तुरुन्तै प्रतिबन्ध लाग्ने अवस्था थियो। रणजित मल्ल काशीवास गएको साढे दुई सय वर्षपछि पनि चन्द्रागिरिमा यहाँका जनता सार्वजनिक यातायात चलाउन प्रतिबन्धित भएका छन्।

सन् १९७० को दशकतिर मकवानपुरमा एउटा आन्दोलन चल्यो – 'थाहा' अर्थात् अज्ञानबाट निस्कने चेतना। त्यही आन्दोलनको नाम गणतन्त्रपछि अहिले नेपालको एउटा नगरपालिकाको नाम भएको छ जुन राजधानीको चन्द्रागिरिसित साँध जोड्न आउँछ। 'थाहा' भित्र ६३ वटा विद्यालयहरू छन् जसमध्ये ५२ वटा सरकारी हुन्। धेरैजसो तिनमा आर्थिकरूपले कमजोर परिवारका छोराछोरी पढ्छन्। त्यहाँको शैक्षिक गुणस्तर खस्केको छ। हालैको प्रवेशिका (एसईई) परीक्षामा ३० प्रतिशतमात्र उत्तीर्ण भए। राष्ट्रिय औसत भने ६५ प्रतिशत छ। थाहाका ती नानीहरू बत्तीमुनिको अँध्यारोमा छन्।

एउटा तारतम्य कस्तो जुऱ्यो भने चित्लाङमा पछिल्लो वर्ष एउटा अन्तर्राष्ट्रिय स्तरको विश्वविद्यालय – 'मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय' (एमबस्ट) को स्थापना भएको छ। न्यायोचित र समृद्ध नेपाल यस विश्वविद्यालयको अभियान हो। देशको आर्थिक कायापलटमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका माध्यमबाट सघाउने यसको एकमात्र उद्देश्य रहेको छ। एमबस्ट नेपाली नमुनाको विश्वस्तरीय विश्वविद्यालय बन्ने तरखरमा छ।

विश्वविद्यालयको स्तरीयता मापन गर्ने एउटा स्थापित आधार 'क्युएस' (क्वाक्वाइरेली साइमन्ड्स) ऱ्याङ्किङ हो। यस ऱ्याङ्किङमा विश्वभरिबाट १५ सय विश्वविद्यालयहरू सूचीकृत छन्। सारै नमीठो कुरा हो कि त्यसभित्र नेपालको कुनै पनि विश्वविद्यालय पर्दैन। हाम्रा केटाकेटीहरू विदेश पढ्न जानुको एउटा प्रमुख कारण यो पनि हो। यसकारण नो अब्जेक्सन सर्टिफिकेट लिएर विदेश पढ्न जाँदा नेपालबाट वर्षमा १४ खर्ब रुपैयाँ बाहिरिन्छ भनेर दुःखमनाउमात्र गरेर भएन यसको कारण पत्ता लगाएर निवारण गर्नु पऱ्यो।

सरकारले जारी गरेको १०० बुँदे कार्यक्रमको ८३ औं बुँदाले विश्वविद्यालयको शैक्षिक क्यालेन्डर कायम गर्ने कुरा उठान गरेको छ। यो जरुरीमात्र होइन, अति जरुरी छ। शैक्षिक क्यालेन्डर शैक्षिक गुणस्तरको नापो हो। गुणस्तर कायम नहुँदा हाम्रा थुप्रै प्रतिभाहरू विदेश गइरहेका छन् र सँगै ठूलो धनराशि पनि। एमबस्टले यस्तो क्यालेन्डर कायम गरेको छ तर थानकोटदेखिको बाटो बेलाबेला बन्द गरेर हामीले यसमा तगारो हाल्दै छौं। धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय तीनचार वर्षदेखि यस्तै समस्याबाट भुक्तमान छ। कसले कसलाई दोष दिने ? यसको

–बाँकी तीन पेजमा

## *शिक्षाको बाटो ...*

जिम्मेवार को हुने ?

विकास र जीवन सँगसँगै जाने हो। शिक्षा र तालिम जीवनको एउटा अभिन्न अङ्क हो। सन् १९५५ मा सुरु भएको भियतनामको युद्ध झन्डै २० वर्षसम्म चलेको थियो तर त्यहाँ विद्यालय र विश्वविद्यालयहरू कहिल्यै बन्द भएनन्। बमबारी भए, कक्षाकोठाहरू ध्वस्त भए, खेलकुद मैदानहरू युद्धभूमि बने तर पढाइ रोकिएन। दोस्रो विश्वयुद्धताका पनि यस्तै परिस्थिति थियो। रुसमा मात्रै २० हजार विद्यालय र कलेजहरू बमबारीमा परे। तर शिक्षकले पढाउने र विद्यार्थीले पढ्ने क्रम रोकिएन।

युद्धपछिको कुरा गरौँ। केही वर्षअघिको समाचार हो चीनको ग्वाङ्डोङ प्रान्तका ३८ स्थानहरूमा त्यहाँको सरकारले चार दिनसम्म यातायातको रुट नै परिवर्तन गरिदियो। किनभने ती स्थानहरूमा 'गाओकाओ' भनिने कलेज प्रवेश परीक्षा चलिरहेको थियो। यसो गर्नुको कारण सवारीसाधनको आवागमनले परीक्षार्थीहरूलाई कुनै किसिमको समस्या नहोस् भन्ने थियो। त्यस्तै कतिपय सहरहरूमा निर्माण कार्यमै रोक लगाइयो। बेइजिङका बासिन्दाहरूले आफ्नो टोल छिमेकलाई "अझ शान्तपूर्ण बनाऔँ" भन्ने ब्यानर टाँगे।

विकास र शिक्षा हातेमालो गर्दै अघि बढ्ने अभियान हुन्। अझ शिक्षालाई अघि लगाउँदै विकासले त्यसलाई पछ्याउने हो। यसैले शिक्षालाई ज्योति भनिन्छ। कुनै पनि बहानामा यो ज्योति निभ्न दिनु हुँदैन। शिक्षाको बाटो बन्द नगरौँ !

(नास्टका प्राज्ञ र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयका कार्यवाहक अध्यक्ष) बाह्रखरीबाट

## *कमला पुल...*

झाखरेल भन्छन्, 'हरेक चुनावमा नेताहरू कमला पुल बनाइदिने आश्वासन लिएर आए, चुनाव जिते, प्रधानमन्त्रीदेखि मन्त्रीसम्म पुलमा आएर फोटो खिचाए, तर पुल भने बनेन।' २०७४ यता विभिन्न उच्चस्तरीय भ्रमण र अनुगमन भए पनि परियोजना ठोस चरणमा अघि बढ्न नसकेको स्थानीयको भनाइ छ।

२०६८ सालमा करिब २४ करोड ९० लाख रुपैयाँ लागतमा पुल निर्माणको ठेक्का भए पनि निर्माण कम्पनीको ढिलासुस्ती, प्रशासनिक जटिलता र प्राकृतिक विपत्तिका कारण आयोजना दीर्घकालीन अलपत्र अवस्थामा पुगेको छ। २०७८ सालको बाढीले संरचनामा थप क्षति पुऱ्याएको थियो। भदौ २३ र २४ गतेको जनआन्दोलनपछि नयाँ राजनीतिक शक्तिप्रति स्थानीयको आशा थियो। तर, जेठ १५ गते सार्वजनिक भएको बजेटमा पुलका लागि रकम विनियोजन नभएको भन्दै स्थानीय निराश छन्।

स्थानीय कामेश्वर गोइत सरकारले हुलाकी सडकअन्तर्गत आठवटा पुल निर्माण गर्ने घोषणा गरे पनि कुन-कुन पुल निर्माण हुने भन्ने स्पष्ट जानकारी नदिएकाले निराश बनेको बताउँछन्। 'यदि कमला पुललाई नै लक्षित गरेर बजेट छुट्याइएको भए जनतामा केही आशा जाग्थ्यो। अहिले त त्यो आशा पनि समाप्त भएको छ,' उनी भन्छन्, पुरानो पुललाई मर्मत गरेर सञ्चालन गर्नु दीर्घकालीन समाधान होइन। यसले भविष्यमा थप जोखिम निम्त्याउन सक्छ। त्यसैले नयाँ पुल निर्माण हुनुपर्छ।'

पुल निर्माणको माग गर्दै स्थानीय आन्दोलनमा समेत उत्रिएका छन्। जेठ १८ गते जनकपुरधामस्थित मधेश प्रदेशसभा अगाडि प्रदर्शनमा सहभागीहरुले 'लाज लाग्दैन, नयाँ कमला पुल कहिले सुरु हुन्छ ?' भन्ने नारासहित प्रदर्शन गरेका थिए। उनीहरुले 'कहिलेसम्म संघ सरकारको मुख हेरेर बस्ने ?', 'प्रदेश सरकार हो कि संघ सरकारको शाखा हो ?' लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए। उनीहरुले प्रदेश सरकारविरुद्ध नाराबाजी समेत गरेका थिए।

सिरहा नगरपालिका-६ का अध्यक्ष इन्द्रजित यादवले कमला पुललाई प्रदेश सरकारले बजेटमा समेटेन भने चरणबद्ध आन्दोलन गर्ने बताए। उनले भने, 'संघ सरकारले हाम्रो आवाज सुन्दैन, प्रदेश सरकारले समेत आनाकानी गऱ्यो भने यसपालि वारपारको आन्दोलन हुन्छ।' 'हुलाकी कमला संघर्ष समिति'का संयोजक इन्जिनियर प्रविण कुमार यादवका अनुसार कमला पुल निर्माणका विषयमा प्रदेशका सभामुख रामआशिष यादवलाई ज्ञापनपत्र बुझाइएको तथा मुख्यमन्त्री कृष्णप्रसाद यादव सहित विभिन्न दलका सांसदलाई आवश्यक पहल गर्न आग्रह गरिएको छ। तर सिरहा क्षेत्र -१ का सांसद बब्लु गुप्ता र सिरहा क्षेत्र नम्बर ४ का सांसद तपेश्वर यादवले हुलाकी मार्ग अन्तर्गत छुट्याइएको बजेटमा कमला पुल समेटिएको समाजिक सन्जालमा दावी गर्दै आएका छन्।

वि.सं. २०६८ जेठ ३१ गते पप्पु-लुम्बिनी जेभीले २४ करोड ९० लाख ९७ हजार रुपैयाँ लागतमा ४६९.२ मिटर लामो पुल निर्माणको ठेक्का पाएको थियो। तर पुल निर्माण पूरा भएको छैन।

---

जिल्ला सिरहा लहान नगरपालिका वार्ड नं. ०३ मा स्थापना भई संचालन भईरहेको स्वास्तिक हस्पिटल प्रा.लि.को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश सिरहा जिल्ला लहान नगरपालिका वार्ड नं. ०३ स्थापना भई संचालन भईरहेको स्वास्तिक हस्पिटल प्रा.लि.ले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः स्वास्तिक हस्पिटल प्रा.लि.<br>ठेगानाः- लहान नगरपालिका वार्ड नं. ०३, सिरहा<br>सम्पर्क नं: ९८०४७१०६५६ |
| प्रस्तावको व्यहोरा : | लहान नगरपालिका वार्ड नं. ०३, सिरहाको किता नं. १०५२ को कुल क्षेत्रफल २४०४.२८ वर्ग मिटर भएको जग्गा र सो मा निर्माण भएको भवनमा स्थापना भई संचालन भईरहेको स्वास्तिक हस्पिटल प्रा.लि.को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | लहान नगरपालिका |

माथी उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीविच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | लहान नगरपालिका<br>३ नं. वडाको कार्यालय, लहान |
| प्रस्तावकको नाम र ठेगानाः | नामः- स्वास्तिक हस्पिटल प्रा.लि.<br>ठेगानाः- लहान नगरपालिका वार्ड नं. ०३, सिरहा<br>सम्पर्क नं: ९८०४७१०६५६ |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., विरगंज-१६, पर्सा।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |

---

# महिला कर्मचारी अभावले बहिरा छात्रा आवासमा भर्ना रोकिए

**सुधा देव**

सप्तरी, २१ जेठ। सप्तरीको राजविराज नगरपालिका-६ मा रहेको बहिरा बालक विद्यालयमा महिला कर्मचारीको अभावका कारण बहिरा छात्राहरू अध्ययनबाट वञ्चित भएका छन्। २० जना बहिरा बालबालिका अध्ययनरत यस विद्यालयमा बालविकासदेखि कक्षा ६ सम्म पठनपाठन हुँदै आएको छ। विद्यालयमा एक जना कार्यालय सहयोगीसहित चार जना शिक्षक-शिक्षिका कार्यरत छन्। तर राति आवासमा बस्ने महिला कर्मचारीको अभावका कारण छात्राहरू भर्ना भएर पढ्न नसक्ने अवस्था रहेको विद्यालयकी प्रधानाध्यापक चाँदनी यादवले बताउनुभयो।

उहाँले भन्नुभयो, "विद्यालयमा एक जना पुरुष कार्यालय सहयोगी हुनुहुन्छ, तर राति बस्ने महिला कर्मचारीको व्यवस्था नभएकाले विभिन्न पालिकाबाट आउने बहिरा छात्राहरू आवासमा बस्न नसक्दा पढाइबाट वञ्चित हुनुपरेको छ।" छ जना छात्राका अभिभावकले यस विद्यालयमा भर्नाका लागि पटक-पटक सम्पर्क गरे पनि आश्वासनबाहेक अन्य प्रगति हुन नसकेको उहाँले बताउनुभयो। उहाँका अनुसार टाढाटाढाबाट आउने विद्यार्थीका लागि पढाइसँगै आवासको व्यवस्था अनिवार्य हुन्छ, तर महिला जनशक्ति नहुँदा समस्या भएको हो।

यस विषयमा राजविराज नगरपालिकालाई पटक-पटक जानकारी गराई महिला कर्मचारी व्यवस्थापनका लागि आग्रह गरिए पनि सुनुवाइ नभएको उहाँले बताउनुभयो। यता, राजविराज नगरपालिकाका नगर प्रमुख इसरत परवीनले यस विषयमा आफूलाई अहिलेसम्म जानकारी नआएको बताउनुभएको छ।

# राजविराज बसपार्क सञ्चालनमा आएन

**विनय कर्ण**

सप्तरी, २१ जेठ। निर्माण सम्पन्न भई उद्घाटन भएको एक वर्ष बितिसक्दा पनि राजविराज बसपार्क सञ्चालनमा आउन सकेको छैन। २०८२ साल जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा राजविराज नगरपालिका-२ राजदेवीचोक स्थित नवनिर्मित बसपार्कको तत्कालीन कार्यवाहक नगरप्रमुख इसरत परवीनले उद्घाटन गर्नुभएको थियो। तर, हालसम्म बसपार्कबाट यातायात सेवा सञ्चालन नहुँदा बजारका विभिन्न स्थानमा जथाभावी पार्किङ गरी यात्रु चढाउने-ओर्लाउने क्रम बढेको छ।



नेपाल सरकारको सहरी विकास तथा भवन निर्माण आयोजना, सप्तरीमार्फत १५ करोड ६० लाख रुपियाँको लागतमा निर्माण गरिएको करिब १९ हजार ६ सय वर्गमिटर क्षेत्रफलमा फैलिएको आधुनिक सुविधासम्पन्न बसपार्कमा सोधपुछ कक्ष, टिकट काउन्टर, सर्भिस सेन्टर, बैंक शाखा, प्रतिक्षालय, शौचालय, रेस्टुरेन्ट, मिनीमार्केट, सभाहल र प्रहरी बिटलगायत संरचना निर्माण गरिएका छन्। तर सञ्चालनमा नआएकाले बसपार्क अहिले टिकटक र रिल बनाउने स्थलका रूपमा परिणत भएको स्थानीय बिहारी साहले बताउनुभयो।

बसपार्क सञ्चालनमा नआउँदा राजविराजको मेनरोडमा दिवा तथा रात्रीसेवा माइक्रोबसलगायत सवारीसाधन जथाभावी पार्किङ गरी बस स्ट्यान्डका रूपमा प्रयोग भइरहेका छन्, जसका कारण नगरमा ट्राफिक समस्या र दुर्घटनाको जोखिम बढेको अग्रज पत्रकार मनोजकुमार मांझीको भनाइ छ। उहाँले भन्नुभयो, "बसपार्क सञ्चालन नहुँदा जतातत्तै पार्किङ र ट्राफिक व्यवस्थापनमा

-बाँकी अन्तिम पेजमा

# छात्रामाथि दुर्व्यवहार प्रकरणः रामप्रताप रामप्रसाद जनता बहुमुखी क्याम्पस प्रमुखलाई २४ घण्टे अल्टिमेटम



सिरहा, २१ जेठ। सिरहाको गोलबजारस्थित रामप्रताप रामप्रसाद तामाङ जनता बहुमुखी क्याम्पसमा अध्ययनरत दुई छात्रामाथि भएको भनिएको दुर्व्यवहार घटनाको निष्पक्ष छानबिन तथा दोषीमाथि कारबाहीको माग गर्दै विद्यार्थीहरूले क्याम्पस प्रमुख दीनेशकुमार यादवलाई २४ घण्टे अल्टिमेटम दिएका छन्।

विद्यार्थीहरूले जेठ २१ गते जारी गरेको विज्ञप्तिमार्फत बीबीएस तेस्रो वर्षमा अध्ययनरत दुई छात्रामाथि सोही क्याम्पसका केही विद्यार्थीले दुर्व्यवहार गरेको दाबी गर्दै घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका हुन्। विज्ञप्तिअनुसार घटनाबारे तत्काल क्याम्पस प्रशासनलाई जानकारी गराइएको र दोषीमाथि कारबाही गरिने आश्वासनसमेत प्राप्त भएको थियो। तर हालसम्म निष्पक्ष अनुसन्धान प्रक्रिया अघि नबढेको तथा कसैमाथि स्पष्ट कारबाही नभएको भन्दै विद्यार्थीहरूले असन्तुष्टि व्यक्त गरेका छन्। यसले क्याम्पस प्रशासनको जिम्मेवारीबोध, संवेदनशीलता र निष्पक्षतामाथि प्रश्न उठाएको उनीहरूको भनाइ छ।

विद्यार्थीहरूले पीडित छात्रामाथि दबाब सिर्जना गरी घटनालाई सामसुम पार्ने प्रयास भइरहेको आरोपसमेत लगाएका छन्। यस्ता गतिविधिले सम्पूर्ण विद्यार्थी समुदायमा त्रास, चिन्ता र आक्रोश बढाएको विज्ञप्तिमा उल्लेख गरिएको छ। विज्ञप्तिमा क्याम्पस प्रमुखको भूमिकामाथि पनि प्रश्न उठाइएको छ। पीडितलाई न्याय दिलाउन र दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने अवस्थामा घटनालाई सामान्यीकरण गर्ने तथा विषयलाई दबाउने प्रयास भएको आरोप विद्यार्थीहरूले लगाएका छन्। साथै, पीडितको पक्षमा बोल्ने विद्यार्थीमाथि दुर्व्यवहार र गालीगलौजसमेत भएको दाबी गरिएको छ।

विद्यार्थीहरूले विज्ञप्ति जारी भएको मितिले २४ घण्टाभित्र घटनाको निष्पक्ष छानबिन प्रक्रिया सार्वजनिक गर्न, दोषीमाथि आवश्यक कारबाही अघि बढाउन तथा पीडितलाई न्याय सुनिश्चित गर्न माग गरेका छन्। माग सम्बोधन नभए सम्पूर्ण विद्यार्थी समुदाय, सरोकारवाला पक्ष तथा नागरिक समाजको सहभागितामा क्याम्पस प्रशासनविरुद्ध चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गरिने चेतावनी दिइएको छ। आवश्यक परे शान्तिपूर्ण रूपमा क्याम्पसको पठनपाठन तथा प्रशासनिक गतिविधिसमेत अवरुद्ध गरिने विज्ञप्तिमा उल्लेख छ।

विद्यार्थीहरूले पीडितमाथि कुनै पनि प्रकारको दबाब, धम्की वा प्रतिशोधपूर्ण व्यवहार भए त्यसको कडा प्रतिवाद गरिने तथा सम्बन्धित निकायमा विषय उठाइने चेतावनी दिएका छन्। उक्त विज्ञप्तिको बोधार्थ क्याम्पस सञ्चालक समिति, क्याम्पस प्राध्यापक संघ, जिल्ला प्रशासन कार्यालय सिरहा तथा जिल्ला प्रहरी कार्यालय सिरहालाई समेत दिइएको छ। विद्यार्थीहरूले "विद्यार्थीको सुरक्षा, सम्मान र न्यायमा कुनै सम्झौता हुन सक्दैन" भन्दै दोषीमाथि कारबाही र पीडितलाई न्याय सुनिश्चित गर्न सम्बन्धित पक्षसँग माग गरेका छन्।

# हुलाकमार्फत घरघरमै राहदानी



रौतहट, २१ जेठ। जिल्ला प्रशासन कार्यालय रौतहटले सेवाग्राहीको राहदानी जिल्ला हुलाक कार्यालय रौतहटमार्फत घरघरमा पुर्‍याउने सेवा सुरु गरेको छ। जिल्ला प्रशासन कार्यालय रौतहट र जिल्ला हुलाक कार्यालयबीच गत वैशाख २४ गते भएको सम्झौतापछि पहिलो चरणमा २१ राहदानी सम्बन्धित सेवाग्राहीको घरमै पुगेर हस्तान्तरण अभियान सुरु गरिएको हो। प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बुधबार गौर नगरपालिका-२ महादेवपट्टिस्थित सेवाग्राही राजु राम र विकास पासवानको घरमा पुगेर राहदानी हस्तान्तरण गर्नुभएको हो। राहदानी हस्तान्तरण गर्नुहुँदै प्रजिअ भुसालले सरकारको सेवा जनताको घरदैलोमै पुर्‍याउने उद्देश्यअनुसार यो अभियान सुरु गरिएको बताउनुभएको छ।

राहदानी वितरणमा हुलाक सेवाको प्रयोग गरिएपछि सेवाग्राहीलाई कार्यालय धाउनुपर्ने झन्झट कम हुनाका साथै समय र खर्च बचत हुने प्रजिअ भुसालले बताउनुभयो। जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयको सहकार्यमा राहदानी वितरण प्रणालीलाई थप सहज बनाउँदै अब सेवाग्राहीले घरमै पासपोर्ट प्राप्त गर्न सक्ने व्यवस्था लागू गरिएको प्रजिअ भुसालको भनाइ छ।

घरमै राहदानी प्राप्त गर्न चाहने सेवाग्राहीले हुलाक शुल्कस्वरूप रु ५५ बराबरको टिकट खर्च व्यहोर्नुपर्ने व्यवस्था गरिएको जिल्ला हुलाक कार्यालयका प्रमुख देवनाथ यादवले जानकारी दिनुभएको छ। उहाँका अनुसार पुराना तथा वितरण हुन बाँकी रहेका पासपोर्टहरूसमेत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी हुलाकमार्फत नागरिकको घरमै पुर्‍याउने तयारी भइरहेको छ। ग्रामीण क्षेत्रका नागरिक, ज्येष्ठ नागरिक, महिला, विद्यार्थी तथा वैदेशिक रोजगारीका लागि तयारीमा रहेका सेवाग्राहीका लागि यो कार्य उपयोगी हुने कार्यालय प्रमुख यादवले बताउनुभयो।

## राजविराज बसपार्क...

समस्या भइरहेको छ।" राजविराज नगरपालिकाले सरोकारवालाको सहभागितामा बसपार्क सञ्चालनका लागि कार्यविधि बनाएर तीनपटक टेन्डर आह्वान गरे पनि कसैले पनि प्रस्ताव नपरेपछि सञ्चालनमा ढिलाइ भएको कार्यवाहक नगरप्रमुख परवीनले जानकारी दिनुभयो।

उहाँका अनुसार कार्यविधि संशोधन गरी दररेट घटाएर पुनः टेन्डर आह्वान गरिएको छ। "दररेट घटाएर टेन्डर आह्वान गरेका छौँ, एक साता समय बाँकी छ। त्यसपछि सरोकारवालासँग छलफल गरी बसपार्क सञ्चालनमा ल्याउने छौँ," उहाँले भन्नुभयो। प्रमुख जिल्ला अधिकारी त्रिवराज पोखरेलले बसपार्क छिटो सञ्चालनमा ल्याउन पहल भइरहेको बताउनुभएको छ। उहाँका अनुसार बजारमा जथाभावी पार्किङका कारण नगरको सौन्दर्य पनि प्रभावित भएको छ।

राजविराज बसपार्कको पहिलो पटक २०४४ सालमा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंहले शिलान्यास गर्नुभएको थियो। त्यसपछि २०४६ सालमा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओली र २०५२ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पुनः शिलान्यास गर्नुभएको थियो। तर निर्माण अघि बढ्न सकेको थिएन। चौथो पटक २०७४ सालमा सहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालीन नगरप्रमुख शम्भुप्रसाद यादवले संयुक्त रूपमा शिलान्यास गरेपछि निर्माण कार्य अघि बढेको थियो। निर्माण सम्पन्न भएपछि २०८२ वैशाख २३ गते सहरी विकास तथा भवन निर्माण आयोजनाले बसपार्क राजविराज नगरपालिकालाई हस्तान्तरण गरेको थियो।

## सिरहाका भूमिहीन ...

गरिरहेका नागरिकलाई अचानक उठीबास गराउने प्रयास स्वीकार्य नहुने बताउँदै सरकारसँग सम्मानजनक व्यवस्थापन र लालपुर्जाको माग गरिन्।

सरोकारवाला संस्थाहरूले संविधान, कानुन तथा मानव अधिकारका सिद्धान्तअनुसार भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरूको अधिकार संरक्षण, सम्मानजनक पुनःस्थापना र दिगो व्यवस्थापनका लागि नेपाल सरकारले तत्काल आवश्यक कदम चाल्नुपर्ने माग गरेका छन्।

## जातीय विभेद ...

जनप्रतिनिधिले नै चासो देखाउँछन्,' मधेश प्रदेशका पूर्वराज्यमन्त्रीसमेत रहेका जसपा नेपालका सचिव सुरेशकुमार मण्डलले भने, 'यो नै मूल समस्या हो।'

मुलुकमा धर्मका नाममा हुँदै आएको राजनीतिका कारण पनि जातीय विभेद तथा छुवाछूत हट्न नसकेको सचिव मण्डलले बताए। धर्म र जातको नाममा गरिने राजनीतिक अभ्यासले सामाजिक विभाजनलाई बढावा दिएको उनको भनाइ थियो। यस्तै, मधेश प्रदेशसभा सदस्य संजिला यादवले समाजमा विद्यमान जातीय विभेद र छुवाछूतको अन्त्यका लागि सबै पक्ष जिम्मेवार र संवेदनशील हुनुपर्ने बताइन्। दलित समुदायले अझै पनि विभिन्न प्रकारका सामाजिक, आर्थिक तथा राजनीतिक विभेद भोगिरहेको बताउँदै उनले उनीहरूको अधिकार सुनिश्चित गर्न राज्य, राजनीतिक दल तथा नागरिक समाजले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइन्।

कार्यक्रममा विष्णुपुर गाउँपालिकाका अध्यक्ष सत्यनारायण यादव, कर्जन्हा नगरपालिकाकी उप-प्रमुख लक्ष्मीकुमारी श्रेष्ठ, दलित अगुवा संजय महरा तथा स्थानीयसमेत सहभागी थिए।


## सार्वजनिक सुनवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रकाशित मिति :२०८३/०२/२२ गते )

मधेश प्रदेश सिरहा जिल्लाको गोलबजार नगरपालिका वडा नं. १ स्थित निजी जग्गाबाट वातावरण मैत्री तरिकाले माटो, ग्राभेल, बालुवा, ढुङ्गा तथा गिट्टी उत्खनन् तथा संकलन कार्यका लागी प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी सार्वजनिक सुनवाई कार्यक्रम आयोजना गरिएको छ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | एलिजा कन्स्ट्रक्सन<br>नरहा गाउँपालिका वडा नं. ३, सिरहा<br>मधेश प्रदेश, नेपाल<br>फोन नं. ९८१४७६३४९९ | |
| प्रस्तावको व्यहोरा : | मधेश प्रदेश सिरहा जिल्लाको गोलबजार नगरपालिका वडा नं. १ स्थित निजी जग्गाबाट वातावरण मैत्री तरिकाले माटो, ग्राभेल, बालुवा, ढुङ्गा तथा गिट्टी उत्खनन् तथा संकलन कार्य (साविक गा. वि. स. मुक्सार वडा न ३ क कित्ता नं.२२३ कुल क्षेत्रफलः ०-८-०) र (साविक गा. वि. स. मुक्सार वडा न ३ क कित्ता नं.२२४ र कुल क्षेत्रफलः ०-६-५ ) | |
| प्रभाव पर्न सक्ने जिल्ला, गा. पा. /न.पा. ,वडा | गोलबजार नगरपालिका वडा नं. १ | |
| सार्वजनिक सुनवाई हुने स्थान र मिति | स्थान : गोलबजार नगरपालिका वडा नं. १(वडा कार्यालयको प्रांगणमा ) | मिति : २०८३/०२/२८<br>समय : दिनको ११:०० बजे |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानका न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय ,अस्पताल .स्वास्थ्य चौकी ,सामुदायिक वन र सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात ) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ। राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | एलिजा कन्स्ट्रक्सन<br>नरहा गाउँपालिका वडा नं. ३ ,सिरहा<br>मधेश प्रदेश, नेपाल<br>फोन नं. ९८१४७६३४९९ |
| परामर्शदाताको नाम र ठेगानाः | अन्नपुर्ण कुन्ज इन्जिन्यरिंग कन्सल्टेन्सी प्रा. लि.<br>सिराहा-१० ,सिराहा<br>फोन नं. ९८४२८२७१८८<br>इमेलः akec2079@gmail.com |


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)